# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाँटीपोखरी,गोरखा

गण्डकी प्रदेश, नेपाल

### आ.व. २०८०/८१ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०२ गते)**

पालुङटार नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४, को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८०/८१ का लागि यस नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क पालुङटार नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८० ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोवस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक व्यक्ति ,फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी २०८०/१०/०२ गते कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फारम खरिद गरि मिति २०८०/१०/०३ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यस कार्यालयको राजस्व शाखामा बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**<u>नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का बिवरण</u>**

| ठेक्का नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण | उत्खनन परिमाण (घ.मि) | न्युनतम रकम (मु.अ.कर. बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| PM/GOODS/1/2080/81 | भण्डारी फाँट घाट पा.न.पा - ३ | ४८०० | १५२४०९६ | कबोल अंकको ५% ले हुन आउने रकम कृषि विकास बैंक ०३१७७००९५९५३२०१७ | प्रत्येक ठेक्काको रु ३,००० कृषि विकास बैंक ०३१७७००९५९५३२०२५ |
| PM/GOODS/2/2080/81 | बालुवाबगर घाट पा.न.पा-६ | ४४५७ | १४१५३७७ | | |
| PM/GOODS/3/2080/81 | भोटे बगर घाट पा.न.पा-६ | ४६१२ | १४६४४०२ | | |
| PM/GOODS/4/2080/81 | नारायण चौर घाट पा.न.पा-७ | ३१८४ | १०१०९८३ | | |
| PM/GOODS/5/2080/81 | कुना खेत घाट,पा.न.पा.-७ | ५५१२ | १७५०१७० | | |
| PM/GOODS/6/2080/81 | सति घाट पा.न.पा -७ | १४८९ | ४७२७८७ | | |
| PM/GOODS/7/2080/81 | सिल्ली खोला दोभान घाट पा.न.पा ८ | ४८८० | १५४९४९७ | | |
| PM/GOODS/8/2080/81 | बिमिरे दोभान घाट पा.न.पा १ | ३१५६ | १००२०९३ | | |

**<u>बोलपत्र सम्बन्धी शर्तहरु:-</u>**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व ०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीर व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखा गोरखामा रहेको ०३१७७००९५९५३२०२५ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन

प्रीतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

भएको मितिले ३० औ दिन अर्थात मिति २०८०/१०/०२ कार्यालय समय भित्र राजश्व शाखा बाट खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

- बोलपत्र फारमहरु नियमानुसार यस नगरपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७९/८० को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वघोषणा पत्र सहित सुचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मति २०८०/१०/०३ गते दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुपर्नेछ र बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक पालुङटार शाखामा रहेको धरौटि खाता नं ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपुर्वकको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कबोल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युनतम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता कबोल अंकमा न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा बाँकी रकमको १०% थप गरी जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०८१ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८० साल चैत मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) बाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner